
दोलखा जिल्लाको खाद्य सुरक्षा बुलेटिन
अवधि: चैत्र २०७१ देखि आषाढ २०७२
जिल्ला खाद्य सुरक्षा सञ्जाल बैठक मिति: आषाढ ३०, २०७२
अंक: १९

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## प्रभाव परिणाम

| खाद्य उपभोग | जीविकोपार्जन तथा निर्वाह पद्धती | तीव्र बाल कुपोषण |
|---|---|---|
| जिल्ला खाद्य सुरक्षा सञ्जालले समूह-क मा अनुमानित ४० देखि ५० प्रतिशत घरधुरीहरु, समूह-ख मा ६० देखि ८० प्रतिशत घर धुरीहरु र समूह-ग र समूह-घ मा ८० प्रतिशत भन्दा बढी घर धुरीहरुले आफ्ना आधारभूत खाद्य आवश्यकताहरु प्राप्त गरिरहेको अनुमान गरेको छ । जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार यो समय बर्षे वाली उत्पादनका हिसाबले रिक्त अवधि भएको, भूकम्पका कारण ७० प्रतिशत खाद्य संचय नष्ट भएको र सडक अवरुद्धहुनाका कारण राहत सहायता वितरणमा मन्दी आएकोले गर्दा खाद्य उपभोगको अवस्था यसरी बिग्रिएको हो । | जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार ५०,२८४ घरहरु पूर्ण रुपमा ध्वस्त भएका थिए र प्रमुख जीविको पार्जनका साधनहरु जस्तैः कृषि, पशुपालन र पर्यटन व्यवसायमा गम्भिर असर परे को थियो । प्रभावित घरधुरीहरुले खाद्य तथा गैर खाद्य आवश्यकताहरुको लागि बाहय सहयोगमा निर्भर हुने, पैसा र खाद्यान्न उधारोमा लिने र खानाको मात्रा घटाउने उपायहरु अपनाएर निर्वाह गरेका थिए । | जिल्ला जन स्वास्थ्य कार्यालयका अनुसार तीव्र बाल कुपोषण सम्बन्धि दुब्लोपना तथा ख्याउटेपनाको नियमित तथ्यांक उपलब्ध थिएन । यद्दपी, धेरै बच्चाहरुमा गरिएको MUAC सम्बन्धि नाप अनुसार समग्र रुपमा पाँच बर्ष भन्दा मुनिका बालबालिकाहरुमा (१४,७९५ बालबालिकाहरु मध्ये) २.८ प्रतिशतमा कुल तीव्र कुपोषणको अवस्था रहेको पाइएको थियो । यस्तै खानेपानी आपुर्ती प्रणालीहरु र सरसफाईका सुविधाहरुमा क्षती भएका कारण समग्र स्वास्थ्य र सरसफाइको अवस्था कमजोर रहयो । |

## खाद्य सुरक्षा चरण नक्शा र अनुमानित खाद्य असुरक्षित जनसंख्या




| चरण ३ गा.वि स.हरु | २०७२ को अनुमानित जनसंख्या | चरण ३ मा अनुमानित जनसंख्या |
|---|---|---|
| लामाबगर | २,२४८ | १,८०० |
| गौरीशंकर | १,०४५ | ८०० |
| मार्बु | १,५१० | १,२०० |
| चंखु | १,३६३ | १,१०० |
| कालिञ्चोक | ३,००७ | २,४०० |
| खोपाचांगु | २३,५५ | १,९०० |
| बिगु | १,७२७ | १,४०० |
| आलम्पु | १,९३२ | १,५०० |
| चिलंखा | ३,०८१ | २,५०० |
| ओराङ्ग | २,३१२ | १,९०० |
| खारे | १,९६४ | १,६०० |
| **जम्मा** | **२२,५४४** | **१८,१००** |
| प्रभावित जनसंख्या (जिल्लाको सम्पूर्ण जनसंख्याको प्रतिशतको आधारमा) | | ९% |
| स्रोत : जिल्ला खाद्य सुरक्षा सञ्जाल | | |

**प्रमुख कारण, सन्दर्भ तथा मुख्य बुँदाहरु :**

बैशाख १२ गतेको भूकम्प र बैशाख २९ गते दोलखा केन्द्रबिन्दु बनाएर गएको अर्को ठूलो भट्काले गर्दा जिल्ला पूर्ण रुपले प्रभावित भयो, जसका कारण जीविकोपार्जनका साधनहरु जस्तै कृषि, पशुपालन, पर्यटन र पूर्वाधारमा पनि गम्भिर असर परयो । जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार पशुपालनमा करीब रु २ करोड बराबरको क्षती भयो, त्यस्तै कृषिमा रु. ४९ लाख बराबरको नोक्शानी भयो र पर्यटन क्षेत्रबाट हुने आम्दानी ६० प्रतिशतले घट्यो ।

खाद्य सुरक्षा र जीविकोपार्जनमा असर परेका कारण जिल्ला खाद्य सुरक्षा सञ्जालले समूह-क का उत्तर तर्फका ११ गा.वि.स हरुलाई माथिको नक्शामा देखाइए अनुसार उच्चतम् खाद्य असुरक्षित (चरण ३) वर्गिकरण गरेको छ । यो यस्तो अवस्था हो जसमा सामान्य भन्दा खाद्य उपभोगको अभाव अधिकतम् हुने हुँदा घरधुरीहरुले जीविको पार्जनका साधनहरु द्रुततर गतीमा रित्याएर (वा बेचबिखन गरेर) मात्र न्यूनतम खाद्य आवश्यकता पूर्ती गर्न सक्दछ । ती गा.वि.स हरुमा, ९० प्रतिशत घरहरु क्षती ग्रस्त भएका थिए र ती मध्ये ५० प्रतिशत घरधुरीहरुको ७० प्रतिशत खाद्य संचय नष्ट भएको थियो । जिल्लाको दुर्गमता र कठिन भौगोलिक अवस्थाका कारणले गर्दा समयमै राहत सहयोग पुर्‍याउनु एउटा चुनौती नै रहयो । यस बाहेक, गैर काष्ठ वन पैदावारबाट हुने आम्दानी, पर्यटन र ज्यालादारी रोजगारीका गतिविधिहरु, बिशेष गरि माथिल्लो तामाकोशी जलबिद्युत, पनि धेरै प्रभावित भएको थियो ।

त्यसैगरी, जिल्ला खाद्य सुरक्षा सञ्जालले समूह-ख र समूह-ग का थप २३ गा.वि.स हरुलाई मध्यम स्तरीय खाद्य असुरक्षित अवस्थामा वर्गिकरण गरेको छ, जँहा घरधुरीहरुले परम्परागत निर्वाह पद्धती अपनाएर न्यूनतम खाद्य आवश्यकता परीपूर्ती गर्न सक्तछन्, तर केही अति आवश्यकीय गैरखाद्य आवश्यकताका लागि भने उनीहरुले पछि परी पूर्ती गर्न नसकिने खालका निर्वाह पद्धतीहरु अपनाउनुपर्ने हुन्छ । ती गा.वि स.हरुमा, लगभग ५० प्रतिशत घरधुरीले ६० प्रतिशत खाद्य संचय गुमाए भने रोजगारीका अवसरहरु २५ देखि ३० प्रतिशतले घट्यो ।

जिल्ला खाद्य सुरक्षा सञ्जालले बाँकी रहेका गा.वि.स (समूह-घ) हरुलाई न्यूनतम खाद्य असुरक्षित (चरण १) अवस्थामा वर्गिकारण गरेको छ । जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार गहुँ वालीको उत्पादन, विप्रेषणमा बृद्धि, कृषि तथा पशुपालनबाट प्राप्त आम्दानी र स्थानीय स्तरमा निर्माण कार्यहरुमा प्राप्त ज्यालादारी रोजगारीका कारणले यस्तो अवस्था आएको हो ।

**पूर्वानुमान:** जिल्ला खाद्य सुरक्षा संजालले श्रावण देखि कार्तिकको अवधिमा समूह-क मा भएका ११ ग.वि.स हरु, जुन हाल उच्चतम खाद्य असुरक्षित (चरण ३) को अवस्थामा छन् र समूह-ख का १३ गा.वि.स हरु जुन हाल मध्यम स्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा छन, मा खाद्य सुरक्षा अवस्था खस्कने अनुमान गरेको छ ।

जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार समूह-क र ख गा.वि.स हरु यातायातको हिसाबले अपायक अवस्थामा हुनेछन्, जस्ले गर्दा खाद्य वस्तुको उपलब्धता र पहुँचमा चुनौती हुनेछ । त्यस्तै गरि सुख्खा र किराका कारण मकैको उत्पादनमा ह्रास आउने हुँदा थप समस्या हुने छ । जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार मनसुनी पहिरोका कारणले ती गा.वि.स हरुमा स्थानान्तरणको सम्भावना पनि देखिएको छ । साथै जिल्ला खाद्य सुरक्षा सञ्जालले सडक पहुँचमा समस्या आउने हुँदा स्थानीय बजारमा आपूर्ती न्यून हुन गै मूल्य बढने सम्भावना भएको जनाएको छ ।

प्रभावित घरधुरीहरुले निर्वाहका लागि खानाको मात्रा र छाक कम गर्ने तथा खाद्यान्न र पैसा उधारोमा लिने र अन्य परम्परागत निर्वाह पद्धती अवलम्बन गर्नेछन् ।

जिल्ला खाद्य सुरक्षा सञ्जालले मकै वाली र आलु भित्रयाइने तथा नियमित आम्दानी र विप्रेषणका कारण अन्य क्षेत्रहरु सामान्य खाद्य असुरक्षित (चरण १) अवस्थामा रहने अनुमान गरेको छ ।

विस्तृत जानकारीका लागि सम्पर्क : DFSN सचिवालय, DADO, दोलखा

DFSN सम्बन्ध निकायहरु: DAO, DADO, DDC, DLSO, DFO, WCDO, DEO, DPHO, WFP, FAO, NRCs, CEEPARD, DPO, Farmers Representative, RDTA, ECARDS Dolakha, DSCO

WFP
wfp.org

यो प्रकाशन यूरोपियन यूनियनको सहयोगमा तयार पारिएको हो ।यस बुलेटीनमा प्रकाशित विचारहरुले यूरोपियन यूनियनको विचारहरुलाइ प्रतिविम्वित गर्छ भन्ने कुनै